# शिक्षक सेवा आयोग (छैठौं संशोधन) नियमावली, २०६८

नेपाल राजपत्रमा प्रकाशन मिति

२०६८/३/६

शिक्षक सेवा आयोग नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "शिक्षक सेवा आयोग (छैठौं संशोधन)) नियमावली, २०६८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ९ मा संशोधन** : शिक्षक सेवा आयोग नियमावली, २०५७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ९ को उपनियम (५) मा रहेका "संवत् २०६८ साल वैशाख १ गतेदेखि" भन्ने शब्दहरुका सट्टा "संवत् २०६८ साल श्रावण १ गतेदेखि" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीको नियम ३९क. मा संशोधन** : मूल नियमावलीको नियम ३९क. को उपनियम (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) शिक्षकले नियम २८ को उपनियम (२) को खण्ड (घ) को उपखण्ड (४) बमोजिमको मूल्याङ्कन वा शैक्षिक सत्र २०६५ वा २०६६ को कार्य सम्पादन मूल्याङ्कनमध्ये कुनै एकमा कम्तीमा पचहत्तर प्रतिशत अङ्क प्राप्त नगरेको अवस्थामा ।"